वैदेशिक रोजगारमा जाँदा स्वीकृत निकायमार्फत नेपाल सरकारबाट सूचिकत मुलुकहरुमा मात्र जाऔं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ५ ○अंक २९३ ○श्रेणी 'क' ○२०७१ साउन १९ गते सोमबार ○ 04 Aug, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

STUDY JAPAN
६ महिना tuition fees & Hostel गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
⋄Free NAT/JLPT classes ⋄Pay after visa
⋄100% Part Time Job support ⋄Full support in Japan
⋄+12 & above can apply ⋄Scholarship available
⋄Translation & Documentation ⋄NAT/JLPT not required
⋄School & Location of your Choice
⋄NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Japanese Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware मा)
977-61-522668, 533421,9805877868

भारतीय प्रधानमन्त्री सत्र वर्षपछि नेपालमा

उर्जा र पूर्वाधार विकासमा एक अर्व डलर सहयोग गर्ने, ४५ दिनभित्र व्यापार सम्झौता हुने

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १८ साउन ।

भारतका प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदी नेपालको दुईदिने राजकीय भ्रमणका लागि विशेष विमानबाट आइतबार विहान ११:१० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरें । प्रधानमन्त्री सुशिल कोइरालाको मैत्रीपूर्ण निमन्त्रणामा उनको यो पहिलो राजकीय भ्रमण हो । भारतीय प्रधानमन्त्री मोदीलाई नेपालका प्रधानमन्त्री सुशिल कोइरला लगायत सभामुख, उपप्रधानमन्त्री र मन्त्रीहरुले स्वागत गरेका थिए । प्रधानमन्त्री मोदीको सम्मानमा नेपाली सेनाको टुकडीले सम्मान गारतका सार्वे १९ तोपको सलामी दिएको थियो । त्यस अवसरमा दुवै देशका राष्ट्रिय धुन प्रस्तुत गरिएको थियो ।

प्रधानमन्त्री कार्यालयमा वार्ता

भारतले ऊर्जालगायत पूर्वाधार निर्माणमा एक अर्ब अमेरिकी डलर बराबरको सहयोगको प्रस्ताव गरेको छ । आयात निर्यात बैंकमार्फत 'कन्सेसनल लाइन अफ क्रेडिट' अन्तर्गत उक्त रकम उपलब्ध गराउन भारतले त्यस्तो प्रस्ताव गरेको हो । नेपालको औपचारिक भ्रमणमा रहेका भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको द्विपक्षीय प्रतिनिधिमण्डल बीच प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको वार्तामा प्रधानमन्त्री मोदीले एक अर्ब अमेरिकी डलर सहयोगको प्रस्ताव गरेको अर्थमन्त्री डा रामशरण महतले बताए । यसैबीच नेपाल र भारतबीच बहुप्रतीक्षित पञ्चेश्वर विकास प्राधिकरणको कार्यविधि आदानप्रदान भएको छ । प्रधानमन्त्री सुशील कोइराला र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा दुवै देशका उच्च अधिकारीले कार्यविधिमा हस्ताक्षर गरी त्यसको एक एकप्रति आदानप्रदान गरेका हुन् । ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्री र नेपालका लागि भारतका राजदूत रञ्जित रेले उक्त कार्यविधिमा हस्ताक्षर गरी एकआपसमा आदानप्रदान गरेपछि पञ्चेश्वर बहुद्देश्यीय परियोजनालाई अगाडि बढाउन मार्गप्रशस्त भएको छ । पाँचवर्षअघि भएको नेपाल-भारत जलस्रोत संयुक्त समितिले उक्त कार्यविधि तयार पारेको थियो । पञ्चेश्वर बहुद्देश्यीय आयोजनाको बाँधस्थल सन् १९५६ मा भारतीय पक्षले पहिचान गरेको थियो । आयोजना प्रतिवेदनअनुसार यसको कुल उत्पादन छ हजार ४८० मेगावाट हुनेछ । नेपालबाट सन् १९९५ मा विस्तृत आयोजनाको प्रतिवेदन (डिपिआर) बनेको थियो । दुई देशबीच महाकाली नदीको शारदा ब्यारेज, टनकपुर ब्यारेज र पञ्चेश्वर योजना सम्मन्धमा विसं २०५२ माघ २९ गते सन्धि भएको थियो । विसं २०६६ मा नेपाल भारबीच जलस्रोत सचिवस्तरको बैठकमा पञ्चेश्वर विकास प्राधिकरण गठन गरी विस्तृत प्रतिवेदन बनाउने तथा अन्य आवश्यक कार्य सम्पन्न गर्ने सहमति भएको थियो ।

तीन समझदारीपत्रमा हस्ताक्षर

नेपाल र भारतबीच कण्ठरोग नियन्त्रण कार्यक्रमको निरन्तरता, ऊर्जा र सञ्चार सम्बन्धी तीन विषयसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री सुशील कोइराला र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा ती समझदारीपत्रमा हस्ताक्षर भएको हो । कण्ठरोग नियन्त्रण कार्यक्रमको निरन्तरता सम्बन्धी समझदारीपत्रमा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणगोपाल मलेगो र नेपालका लागि भारतीय राजदूत रञ्जित रे, ऊर्जा प्रवर्द्धनसम्बन्धी समझदारी पत्रमा ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्री र राजदूत रे तथा नेपाल टेलिभिजनका महाप्रबन्धक लक्ष्मण हुमागाईं र दूरदर्शनका महानिर्देशक विजयाल लक्ष्मी चोपडाले हस्ताक्षर गरेका थिए ।

संसद बैठकलाई सम्बोधन

नेपालको दुईदिने औपचारिक भ्रमणमा रहेका उनले संविधानसभा, व्यवस्थापिका-संसद्को बैठकलाई आइतबार नै सम्बोधन गर्दै शनिवार सुनकोसी नदीछेउमा गएको बाढीपहिराले जलप्रवाहमा उत्पन्न गरेको व्यवधानका साथै भएको जनधनको ठूलो क्षतिपति गम्भीर चिन्ता व्यक्त गरे । प्रधानमन्त्री मोदीले भने-"प्राकृतिक विपत्तिका बेला सहयोग एवम् सद्भाव अभिवृद्धि गर्दै नेपालसाई भरपूर सहयोग गर्न मैले आफ्नो देशका सम्बन्धित अधिकारीलाई निर्देशन दिइसकेको छु ।"

अति ओजपूर्णरुपमा भावुक भएर मन्तव्य प्रकट गर्दै उनले छिमेकीको दुःख आफ्नो पनि दुःख भएको बताउँदै दुःखमा साथ दिनु आफ्नो कर्तव्य भएको बताए । मोदीले नेपालको व्यवस्थापिका संसदलाई सम्बोधन गर्ने क्रममा नेपाल आउन पाउँदा निकै हर्षित

बाँकी अन्तिम पृष्ठमा.....

मोदीलाई पशुपतिमा विशेष व्यवस्था

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई सोमवार पशुपतिनाथको दर्शन एवम् विशेष पूजा गराउन पशुपति क्षेत्रमा सम्पूर्ण तयारी पुरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । पशुपति क्षेत्रमा सरसफाइका सम्पूर्ण तयारी सकिनुका साथै स्वागतका लागि पनि तयारी सम्पन्न भएको कोषका सदस्यसचिव डा गोविन्द टण्डनले जानकारी दिए । मोदी विहान ९ बजे पशुपति आइपुगेपछि ब्राह्मण बटुकहरुले स्वस्ति वाचनसहित वैदिक मन्त्रोच्चारण गरेर स्वागत गर्ने कार्यक्रम बनेको छ । त्यस्तै पञ्चेबाजा, धिमेबाजा, गुँलाबाजा र बाँसुरीवादनसहित स्वागत गरिने कार्यक्रम तय गरिएको पनि कोषका निर्देशक भोला सिटौलाले बताए । साउनको सोमवार पशुपति दर्शनको शुभ साइत मिलाएर नै मोदीले पशुपतिको दर्शन गर्ने उद्देश्यले नेपाल भ्रमणको कार्यक्रम राखेको हुनसक्ने धार्मिक विश्लेषण नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्राडा रामचन्द्र गौतमले गरेका छन् । पशुपति दर्शनको अवसर पारेर मोदीले पशुपति क्षेत्र विकास कोषलाई भारत सरकारका तर्फबाट दुई हजार ५०० किलो श्रीखण्ड उपहार दिने छन् । रु एक करोड ६९ लाख मूल्य पर्ने श्रीखण्डले पशुपतिमा पूजाका लागि तीन वर्षसम्म पुग्ने सदस्य सचिव डा टण्डनले बताए । यसअघि पाँच वर्ष पहिले पनि भारत सरकारले पशुपतिमा ५०० किलो श्रीखण्ड दिएको पनि निर्देशक सिटौलाले जानकारी दिए । बीचमा पूजाका लागि कोषले एक हजार किलो श्रीखण्ड किनेको थियो ।

सिन्धुपाल्चोक घटनामा दशको मृत्यु, एकसय ५५ बेपत्ता-गृह

सिन्धुपाल्चोक १८ साउन ।

सिन्धुपाल्चोकमा पहिरोका कारण सुनकोशीमा रोकिएको पानीको नियमित बहाव खुलाईएकाले माथिल्लो तटीय क्षेत्रमा पानी जम्नेक्रम क्रमशः घट्दै गएको छ । तल्लो तटीय क्षेत्रका नदीको दायाँबायाँ बसोबास गर्ने व्यक्ति तथा परिवारहरुलाई सम्भावित घटनालाई मध्यनजर गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य भइसकेको र उनीहरुका लागि आवश्यक अस्थायी वास र खानाको प्रबन्ध मिलाइएको गृह मन्त्रालयले जनाएको छ । उक्त घटनामा परी हालसम्म १० जनाको मृत्यु भएको र २७ जना घाइते भएकामा गम्भीर रुपमा घाइते १६ जनालाई हेलिकोप्टरबाट र अन्यलाई एम्बुलेन्सबाट थप उपचारका लागि काठमाडौं लगिएको छ । हालसम्म प्राप्त सूचनाका आधारमा १५५ जना हराइरहेका र घटनास्थलमा पानीको बहाव थप खुलाउने कार्यका साथै हराइरहेकाहरुको खोज तथा उद्धार कार्य संगसंगै अगाडि बढीरहेको मन्त्रालयले उल्लेख गरेको छ । प्रभावित क्षेत्रमा भइरहेको खोज, उद्धार र राहत कार्यका बारेमा जानकारी लिन र तत्काल गर्नुपर्ने कार्यका सम्बन्धमा आवश्यक निर्देशन गृहमन्त्रीले दिएका छन् ।

ओपन हर्ट ट्राभल्स एण्ड टुर्स नयाँ सुविधा सम्पन्न डिलक्स बसको साथमा
हाम्रा सेवाहरु
❖इन्टरनेशनल तथा डोमेष्ट्रिक हवाइ टिकट ।
❖इण्डियन रेल वे टिकट ।
❖इन्टरनेशनल कुरियर सर्भिस ।
❖चाफ्टिङ्ग, ट्रेकिङ्ग, प्याराग्लाइडिङ्ग, अल्ट्राफ्लाइट ।
❖दैनिक पोखरा-काठमाडौं-पोखरा डिलक्स टुरिष्ट बस ।
❖टुर्स प्याकेज ।
साथै कार, जिप, भेन रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।
भिषा प्रोसेसिङ्का लागि बुकिङ्ग आइटनरी निःशुल्क उपलब्ध गराइन्छ ।
सम्पर्क
ओपन हर्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
नागढुङ्गा, पोखरा,
फोन : ०६१-५३७२४, ५४१६५५, ९८५६०२४०८८

Study in EUROPE (Cultural study)
DENMARK
. Schengen Visa Min. cost . NO IELTS/TOEFL
. SLC/+2 can apply . Easy processing

Study in JAPAN
निःशुल्क भाषा निःशुल्क प्रोसेसिङ्ग
IELTS/TOEFL
CAE class for Alternate of IELTS
JAPANESE LANGUAGE
अंग्रेजी भाषा
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk, Pokhara
Ph: 061-541104

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.
Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरु :
- Internation & Domestice Hotel Booking
- Helicopter Charter
- Touriest Bus Ticket and other Travels.
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

मोदीले हात हल्लाएर अभिवादन गर्दा...

प्रकाश सिलवाल
काठमाडौं १८ साउन ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदी आगमनको तस्विर लिन तस्तयार फोटो पत्रकारलाई सुरक्षाकर्मीले एउटा कुनामो स्थान निर्धारण गरेका थिए । त्यस कुनामा पनि नअटेका फोटो पत्रकार र संवाददातालाई सूचना केन्द्रपट्टिको भागमा उभिन भनिएको थियो । उच्च सुरक्षा दिइएको मोदी भ्रमणको हरेक क्षणलाई कैद गर्न उहत पत्रकारले टाढाबाट सकेसम्म उनको दृष्य रामोसँग लिन सकिन्न कि भन्ने चिन्ता व्यक्त गरेका थिए । यस विषयमा केहीबेर कसरी व्यवस्थापन गर्ने भनेर सुरक्षाकर्मी र पत्रकारबीच छलफल चलेको थियो । जब अपराह्न २:३३ बजे मोदी प्रधानमन्त्री कार्यालयमा आइपुगे । कारगेडसहितको उनको गाडी नेपाल र भारतका सादा पोसाकका सुरक्षाकर्मीले घेरा हाले । मोदी ओलिएर कार्यालय प्रवेश गर्ने मूल ढोकामा पुगी पछाडि फर्केर हात हल्लाएर अभिवादन गरेपछि पत्रकारले खोजे जस्तै भयो । 'वाह, यस्तो पो प्रधानमन्त्री/नेता' भन्दै उनीहरूले त्यो दृष्य कैद गरे । त्यहाँ पत्रकारबाहेक कर्मचारी र अन्य व्यक्ति पनि थिए । कतिपयले कृपया पुनः एक पटक (वान्समोर, वान्समोर प्लिज) र कतिपयले मोदीलाई धन्यवाद प्रधानमन्त्रीज्यू (थ्याङ्क्यु प्राइमिनिस्टर) पनि भने ।

प्रधानमन्त्री कार्यालयमा प्रवेश गर्दा मात्र होइन फर्कँदा पनि मोदीले पत्रकार र उपस्थितलाई हात हल्लाएर अभिभावदन गरे । उनको अभिवादनलाई ग्रहण गर्दै ताली बज्न थालेपछि उनले दुवै हातले उत्साहित हुँदै अझै अभिवादन गरे । यहांसम्म कि अर्थ मन्त्रालयको माथिल्ला तलाबाट झ्यालबाट हेरिरहेका कर्मचारीलाई पनि माथि हेरेर हात हल्लाए । त्यसपछि मोदीले थप ताली पाए । शारीरिक हाउभाउमा पोख्त देखिएका प्रधानमन्त्री मोदीले आफ्नो भ्रमणका अवसरमा प्रकाशित संस्मरणात्मक टिकटको प्रथम दिवसीय टाँचामा नेपालका प्रधानमन्त्रीसँगै हस्ताक्षर गरे । हस्ताक्षर सकेपछि मोदी पहिला उठेर प्रधानमन्त्री सुशील कोइरालालाई उठन सङ्केत गर्दै उठाए र सो टिकट आदानप्रदान भयो । सिंहदरबारबाट नर्याः बानेश्वरस्थित संविधानसभा भवनमा पुग्दा सो भवनको परिसरबाट पैदल हिँडेर सभामुख सुवासचन्द्र नेम्वाङको कार्यकक्षमा जाने क्रममा पनि उनले सभासद र उपस्थित व्यक्ति तथा सडकबाट हेरिरहेका सर्वसाधारणलाई मुस्कानसहित हात हल्लाएर अभिवादन गरे । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणपछि स्वागतमा रहेका प्रधानमन्त्री कोइरालले पुष्प उपहार दिन नपाउँदै भारतीय प्रधानमन्त्री मोदीले 'नमस्कार' गरेर आफ्नो भावनात्मक प्रगाढता दर्शाएका थिए । आइतबार विहान काठमाडौं आइपुगेका मोदीले व्यवस्थापिका-संसदलाई सम्बोधनका क्रममा पनि आफ्नो उत्साह र सकियता प्रदर्शन गरे । उनले लिखित/अलिखित तथा कुन भाषामा सम्बोधन गर्ने हो भन्ने जिज्ञासाका बीच उनले सुरूका

फर्निचरमा गुरुङ

पोखरा १८ साउन ।(गोल्डेन)

पोखरा फर्निचर तथा फर्निसिङ्ड व्यवसायी संघ कास्कीको ११औं साधारणसभा तथा सातौं अधिवेशनले बलराम गुरुङको अध्यक्षतामा १३ सदस्य नर्याः कार्यसमिति चयन गरेको छ । शनिवारदेखि पोखरामा चलेको अधिवेशनले दुई वर्षको लागि सर्वसम्वत रुपमा आईतबार नर्याः कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा हिरामणि पण्डित, सचिवमा प्रेमराज बस्नेत, सहसचिवमा उपेन्द्रराज सुवेदी (राजु), कोषाध्यक्षमा शालीकराम नेपाली सदस्यहरुमा चन्द्रलक्ष्मी मानन्धर, युवराज बस्नेत, पुर्णशोभा गुरुङ, थीमनाथ अर्याल, भोजराज पौडेल, रामजीप्रसाद तिवारी, दीपकराज धिमिरे र सरिता कुमाल रहेका छन् ।

ADMISSION OPEN
M.Sc.in
Construction Management
(2 years program)
Eligibility : B.E.in any branch, architecture & surveying from recognized university with at lest 2nd division or CGPA2.0
Entrance Examination : August 15, 2014 (Shrawan 30, 2071)
Class Commencement : August 31, 2014 (Bhadra 15, 2071)
Pokhara Engineering College (PEC)
(Affiliated to Pokhara University)
Phirke Pokhara-8, Tel : 061-531209, 528530
E-mail : info@pec.edu.np/www.pec.edu.np

तयारी कक्षा
कृषि विकास बैंकद्वारा लिइने लेखापाल परीक्षाको मिति २०७१/०४/१८ गते देउवा, पुष्पकमल दहाल माधवकुमार संचालित तयारी कक्षामा केही सीटमात्र बाँकी रहेकाले तुरुन्त सम्पर्क गर्नुहोस् ।
Orginal Tally Software
चाहिएमा सम्पर्क गर्नुहोस्
नोट : Tally सम्बन्धी समस्याको समाधान तथा तालिमको व्यवस्था ।
Contact :
MATCOSC
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846412676
Email:Matcosc2011@gmail.com, URL:www.Matcosc.com.np

■ परिश्रम गर्न र प्रतिक्षा गर्न सिक ।

- लङ्गफेलो

सम्पादकीय . .

दैविविपत्ति बारे सरकारगम्भीर बन्न आवश्यक

प्रत्येक वर्ष वर्षायाममा नेपालको विभिन्न स्थानमा बाढी पहिरो लगायतका कारण ठूलो जनधनको क्षति हुने गरेको छ । यस पटक सिन्धुपाल्चोकको सुनकोशी नदीमा पहिरोले पानीको बहाव राकिएर तालमात्र बनेन पहिरोकै कारण त्यस क्षेत्रका हजारौ नागरिक प्रभावित बने । गृह मन्त्रालयको पछिल्लो जानकारी अनुसार हालसम्म मृत्यु भएका मध्ये १० जनाको शव भेटिएको र १५० भन्दा बढी मानिस बेपत्ता भएका छन् । सिंगो गाउँनै विस्थापित हुन पुगेको छ । पहिरोका कारण डाँडाको ठूलो भाग नदीमा खसेको र त्यसपछि बनेको ताल खोल्न पनि सुरक्षाकर्मीको ठूलो प्रयास आवश्यक परेको छ । यसरी वर्षेनी देशका विभिन्न ठाउँमा प्राकृतिक विपत्ति आउने गरेको भएपनि पीडितहरुले तत्काले राहत पाउन सकिरहेका छैनन् । यस्ता घटना हुन नदिन राज्यले पहिले नै भूमिका खेल्नुपर्ने हो तर त्यो अवस्था नरहेपनि घटना भैसकेपछि प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउनु राज्यको दायित्व हो । सिन्धुपाल्चोकमा भएको पछिल्लो घटनाका पीडितहरुले अझैसम्म बस्ने घर, लगाउने कपडा र खानेकुरा समेत पाउन सकेका छैनन् । पीडा र वेदनामा छटपटाइरहेका पीडितहरुलाई राज्यले उपलब्ध गराउनुपर्ने राहत र सेवा सुविधा समयमै उपलब्ध गराउन नसक्दा पीडितहरु झनै वियोग र वेदनामा बाँच्न बाध्य छन् । हुनत सुरक्षाकर्मीहरु घटनास्थलमा पुगेर उद्धार कार्यमा सक्रियतापूर्वक लागिरहेका छन् । एकातिर पहिरोमा पुरिएकाहरुको उद्धार गर्नुपर्ने र अर्कोतिर पहिरोले नदी थुनेर ताल बनाएका कारण त्यसलाई विस्तारै खोल्नुपर्ने बाध्यताले पनि उद्धारमा ढिलाई र कठिनाई भएको छ । सिन्धुपाल्चोकमा भएको यो घटनामा मात्र नभइ अन्य सम्भावित घटनापछिको उद्धार कार्य प्रभावकारी बनाउन सरकारले आवश्यक गर्ने साधन, स्रोत र जनशक्तिको प्रबन्ध बेलैमा मिलाउनु आवश्यक छ । यसका लागि जनशक्तिको छुट्टै इकाइ र राहतका लागि छुट्टै कोष निर्माण हुन सक्यो भने घटना भए लगत्तै उद्धार र राहत वितरणको कामले तीव्रता पाउन सक्छ । बारम्बार हुने गरेका प्राकृतिक विपत्ति सम्बन्धी घटनाबाट पाठ सिकेर सरकारले देशका सबै स्थानमा समयमा नै परिचालन गर्न सक्ने किसिमले जनशक्ति तथा साधन र स्रोतको व्यवस्था गर्नु अपरिहार्य आवश्यकता छ ।

अब सस्तोमा विज्ञापन

साइज 1col x 5 cm	साइज 2col x 5 cm
३ दिनको लागि रू २५०/-मात्र	३ दिनको लागि रू ५००/-मात्र
७ दिनको लागि रू ५००/-मात्र	७ दिनको लागि रू १०००/-मात्र

सम्पर्क : गोल्डेन न्यूज राष्ट्रिय दैनिक
फोन : ०६१-५३४४५५,५२२२२२ मो.९८५६०३४६०१

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल श्रावण १९ गते सोमबार, तदनुसार अगस्त ४ सन् २०१४, श्रीशके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गामकह संवत्सरह, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वर्षा ऋतु चल्दै छ । चान्द्रमान अनुसार श्रावणशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज श्रावणशुक्लपक्षको अष्टमी तिथि १७ घटि ४४ पला अर्थात दिनमा १२ बजेर ३५ मिनेटसम्म त्यस उप्रान्त नवमी तिथि लाग्नेछ । आज सूर्य कर्कट राशिमा रहेको छ भने चन्द्रमा तुला ४८ घटि ३४ पला अर्थात रातिमा १२ बजेर ४९ मिनेटसम्म त्यसउप्रान्त वृश्चिक राशिमा प्रवेश गर्नेछ । आज दिनमान ३३ घटि २१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २९ मिनेटमा मैत्र मूहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ४९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

वृष : साथी संगीहरुसँग कलह, पेट वा कम्मरको रोग लाग्ने, मनपरेको खानामा अवरोध आउनेछ, दिन खराब छ ।

मिथुन : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

कर्कट : एक्कासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा विरोधी बढ्नेछन् ।

सिंह : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सबल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

कन्या : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

तुला : स्वास्थ्यमा खराबी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आँफैलाई घाटा ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसंग समधुर ।

धनु : गरेका कार्य अधुरा हुनेछन्, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

मकर : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

कुम्भ : एक्कासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ट सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

मीन : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

बिग आइकनमा सातजना अघिल्लो चरणमा, विक बाहिरिए

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

उत्कृष्ट ८ सम्म आईपुगेका प्रतिस्पर्धी अनिल विक एलिमिनेट भएपछि सामसुङ ग्यालेक्सी ग्राण्ड निजी विग आईकनमा अब उत्कृष्ट सात प्रतिस्पर्धीहरु अघिल्लो चरणमा प्रवेश गरेका छन् । निर्णायकहरुको निर्णय र एसएमएस भोटिङको आधारमा विक प्रतियोगिताबाट बाहिरिएका हुन् । विक बाहिरिएसँगै उत्कृष्ट सातमा जेनिता राई, ल्यामो डोल्कर, राम लिम्बु, सन्दिप बुंगाना, सरिता अधिकारी, दीपेश भट्टचन र कुन्साड गुरुङ प्रतिस्पर्धी बनेका छन् । उनीहरुबीच आईतबार विक एलिमिनेट भएको छ । अर्को चरणको अडिसनको पहिलो चरणमै हुने एलिमिनेसन राउण्डमा एक जना प्रतिस्पर्धी बाहिरिएर उत्कृष्ट ६ छनौट हुनेछ । अघिल्लो चरणको अडिसन मंगलबार दिउँसो ३ बजेपछि न्यूरोइस्थित स्काई टच रेस्टुरेन्ट एण्ड लाउन्ज बारमा हुने एएफमले जनाएको छ ।

विग एफ एमको आयोजनामा भएको पाँचौ संस्करणको विग आईकनको ग्राण्ड ईभेन्टमा अहिलेसम्म १३ वटा चरण पुरा भैसकेको छ । १९ चरणसम्म सबैलाई पछाडि पार्ने एक जनाले मात्रै विग आईकनको उपाधी चुम्नेछन् । गायन क्षेत्रमा भविष्य खोज्दै ५० जिल्लाका आठ सय ९० जना विग आईकन बन्ने प्रतिष्पर्धामा होमिएका थिए । सांगीतिक रियालिटि शो विग आईकनको निर्णायकहरुमा संगीतकर्मीद्वय श्यामसुङ तामाङ र सुनील थापा रहेका छन् । आईतबारको अडिसनमा गायक तथा संगीतकार विनोद बाँगीया 'पाहुना निर्णायक'को रुपमा प्रतियोगितामा सहभागी भएका थिए । उनले सम्पूर्ण प्रतिस्पर्धीलाई सफलताको शुभकामना दिँदै गायन प्रतिभाहरुलाई एउटा उत्कृष्ट मञ्च प्रदान गरेको प्रति आभार प्रकट गरे । उत्कृष्ट १० सम्मको

अडिसनमा शत प्रतिशत निर्णायकहरुको भरमा रहेको शोमा प्रतिस्पर्धीलाई अगाडि बढाउन स्रोताहरुको एसएमएस भोटिङ पनि उत्तिकै जरुरी रहेको एफएमले जनाएको छ । उत्कृष्ट १० पश्चात प्रतिस्पर्धीलाई अगाडि बढाउनमा ६० प्रतिशत अधिकार निर्णायकको रहनेछ भने ४० प्रतिशत स्रोताको एसएमएस भोटको हुनेछ । विग आईकनको उपाधि जित्नेले १ लाख ६० हजार रुपैँया बराबरको पियाजिओ स्कुटरका साथै द ब्रिटिश कलेजको स्पोन्सरसिपमा एक हप्ते बेलायतको सांगीतिक टुरको मौका पाउनेछन् । यस्तै, दोश्रो हुनेले ७५ हजार रुपैया र तेस्रो हुनेले ५० हजार रुपैया बराबरको पुरस्कार प्राप्त गर्नेछन् ।

प्रतियोगितालाई राण्ड फिनाले आगामी भदौ सात गते पोखरा सभ गृह हलमा उचित व्यवस्थापन सहित हुने एफएमले जनाएको छ । सोहि दिन पाँचौ संस्करणको विग आईकन विजेता घोषणा समेत हुनेछ । ग्राण्ड फिनालेमा हास्य जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य प्रमुख अतिथिको रुपमा रहनेछन् । ग्राण्ड फिनालेमा उत्कृष्ट १० प्रतिस्पर्धीहरुको प्रस्तुति समेत रहनेछ ।

सवारीसाधन चेक

पोखरा १८ साउन ।(गोल्डेन)

लेखनाथ नगरपालिका बडा नं १२ स्थित पावरहाउस अस्थाई ट्राफिक चौकीले आइतवार विहान पत्रकार सहितको पत्यक्ष निगरानीमा नियमविपरित क्षमता भन्दा बढी सिट राखी पृथ्वीराजमार्ग अर्न्तगत पोखरा काठमाडौं छुट्ने माइकोवस चेकचाँज गरि १६ वटा माइक्रो बसबाट सिट भिच्चन लगाइएको छ । चेकजाँचका क्रममा १२ वटा मोहडा, सिटहुड ९ थान, र चकटी ९ थान बरामद गरिएको छ । उक्त सामानहरु सोमवार नै जिल्ला ट्राफिक कार्यालय कास्की पृथ्वीचोक पठाइएको छ । यस अघि पनि पटक पटक क्षमताभन्दा बढि सिट र मोहडा नियन्त्रणमा लिई बृद्धश्रमलाई मोहडा सौजन्य दिएको कुरा ट्राफिक हवल्दार रुद्रमल्ल ठकुरीले बताए ।

अन्तर्विद्यालयस्तरीय नेपाली श्रुतिलेखन

पोखरा १८ साउन ।(गोल्डेन)

भाषा सभ्यताको सम्वाहक हो भन्ने मूल नाराका साथ क्रियाशील नेपाली भाषा शिक्षक परिषद्द्वारा प्राथमिक तहको अन्तर्विद्यालय स्तरीय नेपाली श्रुतिलेखन प्रतियोगिता सम्पन्न भएको छ ।

जनप्रिय उच्च मावि सिमल चौरमा सम्पन्न प्रतियोगितामा कास्की जिल्लाका संस्थागत तथा सामुदायिक विद्यालयहरु बीच प्रतिस्पर्धा भएको थियो । कार्यक्रममा ६४ विद्यालयका १ सय २६ जना छात्रछात्राको सहभागिता रहेको थियो । प्रमुख अतिथि एन प्याक्सन कास्कीका अध्यक्ष चिनु रानाभाटले नेपाली भाषा नेपालीको गौरव भएकाले नेपाली भाषाको विकासमा सबै लाग्नुपर्ने कुरामा जोड दिए । उक्त प्रतियोगितामा प्रथम स्थान न्यान्सल इन्भेन्टिभकी करुणा बुढाथोकी, द्वितीय स्थान तारापुञ्ज एजुकेशन एकेडेमीकी संस्कृति क्षेत्री, तृतीय स्थान सिजेना उच्च मावि कविली अनिशा पाठक र सान्त्वना स्थान केफ उच्च माविका सविन थापा, अल्फ्र वोर्डिङ स्कूलकी रोभना गर्बुजा तथा न्याशनल इन्भेन्टिभकी विजया पौडेलले प्राप्त गरेका थिए । परिषदका अध्यक्षको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन सचिव डिल्लीराम अर्यालले गरेका थिए भने कार्यक्रमको संयोजक सूर्यप्रसाद लम्सालले गरेका थिए ।

विन्ध्येश्वरी आदर्श स्कूलमा अंग्रेजी वक्तृत्वकला

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

"गणस्तरीय शिक्षा अनुशासन र ज्ञान" भन्ने मूल नाराका साथ अगाडि बढेको विन्ध्येश्वरी आदर्श बोर्डिङ स्कूलमा यस विद्यालयका प्राचार्य कृष्णकुमार श्रेष्ठको अध्यक्षतामा नि.मा.वि. र मा.वि. स्तरीय अंग्रेजी वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । कार्यक्रममा करिब ३५ जना छात्रछात्राहरुको सहभागिता रहेको थियो । निर्णायक मण्डलमा सह-प्राचार्य विन्दुप्रसाद सुवेदी र नि.मा.वि. अंग्रेजी शिक्षक सुवास गुरुङ रहेका थिए भने समयपालकमा नि.मा.वि. विज्ञान शिक्षक राजु बयालकोटी रहेका थिए । कार्यक्रममा नि.मा.वि. तह र मा.वि. तह गरी छुट्टाछुट्टै शीर्षक दिइएको थियो । जसमध्ये नि.मा.वि. तहमा कक्षा ८ मा अध्ययनरत छात्रा हिमकला राई प्रथम, कक्षा ६ मा अध्ययनरत छात्रा अंशु हरिजन द्वितीय र कक्षा ७ मा अध्ययनरत छात्र सार्जन क्षेत्रीले तृतीय स्थान ओगटेका छन् ।

यसैगरी मा.वि. तहमा कक्षा ९ मा अध्ययनरत छात्र अमित गहतराज प्रथम, सोही कक्षामा अध्ययनरत छात्रा श्वेना गुरुङ द्वितीय र कक्षा १० मा अध्ययनरत छात्र चेतन तिलिजाले तृतीय स्थान ओगटेका थिए । कार्यक्रममा बोल्दै कार्यक्रमका निर्णायक संयोजक सह प्राचार्य विन्दुप्रसाद सुवेदीले विद्यालयमा गरिने यस्ता साप्ताहिक कार्यक्रमले विद्यार्थीको मनोबल उच्च हुने, आत्म विश्वास बढ्ने र उनीहरुको बौद्धिक विकासमा टेवा पुग्ने कुरा बताए । कार्यक्रमको समापन गर्दै कार्यक्रमका सभापति एवम् विद्यालयका प्राचार्य त्रोनुसार सञ्चालन गरिने अतिरिक्त क्रियाकलापले विद्यार्थीलाई शारीरिक रुपमा तन्दुरुस्त बनाउन, मानसिक रुपमा सर्तक बनाउन, भावनात्मक रुपमा दृढ बनाउन र सामाजिक रुपमा मिलनसार एवम् समायोजित बनाउन सहयोग पुग्ने कुरा बताए ।

घारीपाटन आमा समूहमा फुन: जिसी

पोखरा १८ साउन ।(गोल्डेन)

घारीपाटन आमा समुहको । गत शनिवार सम्पन्न सातौं अधिवेसनले पुन: पवित्रा जिसीलाई अध्यक्षमा चयन गरेको छ । समितिको उपाध्यक्षमा भीम कुमारी गुरुङ, सचिवमा बसुन्धरा लामिछाने र कोषाध्यक्षमा लिला गिरी र सदस्यहरुमा क्रमश: पार्वति सुनार, कोपिला जलारी, सुजना श्रेष्ठ, ज्योति सुनार, हिरा सुनार, राधिका शर्मा, हेमकला सापकोटा, रिता गुरुङ, गंगा आचार्य, कमला जलारी रहेका छन् ।

घारीपाटन आमा समुहका अध्यक्ष पवित्रा जी सीकी अध्यक्षताम सम्पन्न कार्यक्रममा पूर्व अध्यक्षहरु दुर्गादेवी आचार्य, चन्द्रा तिवारी, भिमा गिरी लगायतले आ-आफ्नो भनाई राखेका थिए भने कार्यक्रम पूर्व अध्यक्ष प्रभा पन्तले सञ्चालन गरेका थिए । कार्यक्रममा सचिव बसुन्धरा लामिछाने र कोषाध्यक्ष कमला जलारीले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कालिका गाविसमा पशु स्वास्थ्य शिविर

पोखरा १८ साउन ।

कालिका पशुपालक समितिले एक दिने पशु स्वास्थ्य शिविर गाई, भैसी भेडा बाखा कुकुर बंगुर जस्ता घरपालुवा जनावरमा विभिन्न रोगहरुको जाच गरिनुका साथै माटे, जुका रेविज तथा भिटामिन जस्ता औषधिहरु वितरण गरेको छ । लेखनाथ पशु उपकेन्द्रका अध्यक्ष कैलाश प्रधानको अध्यक्षतामा सम्पन्न भएको छ । कालिका उप-स्वास्थ्यचौकीको प्राङ्गणमा सम्पन्न कार्यक्रममा कालिका गा.वि.स.का सचिव शोभाकर ढकालको प्रमुख अतिथ्यतामा सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि ढकालले यस्ता कार्यक्रमले पशुपालक कृषकहरुलाई हौसला बढ्ने हुनाले यस्ता कार्यक्रमहरु आयोजना गरिरहन गा.वि.सले सधै सहयोग गर्ने बताए । साथै कालिकालाई कृषि नमूना गा.वि.सको रुपमा अगाडि बढाउने बारे जोड दिए । कार्यक्रममा सामुदायिक सेवा केन्द्र कालिकाका पूर्व अध्यक्ष केदार त्रिपाठीले स्वागत मन्तव्य राखेका थिए भने कालिका महिला सञ्जालकी अध्यक्ष विष्णुमाया पौडेल, जिल्ला पशु सेवा संघका पशु चिकित्सक गणेश केसी, खगेन्द्र अर्याल, समितिका अध्यक्ष दुर्गाप्रसाद गौतम लगायतले आ-आफ्नो मन्तव्य राखेका थिए ।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

पैसस्ठी जनालाई कम्प्यूटर तालिम

पोखरा १८ साउन ।(गोल्डेन)

किरात आमा समूह पोखराको आयोजना र वि.पि डल्लु पोखराको सहयोगमा ६ महिने कम्प्यूटर तालिम सम्पन्न भएको छ । उक्त तालिममा ६५ जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो ।

तालिममा सहभागीहरुलाई समापनका अवसरमा प्रमुख अतिथि सुजना शर्माले प्रमाणपत्र वितरण गरिन् । वि.पि डल्लु पोखराका अध्यक्ष मिना गुरुङले कार्यक्रममा २५० बाखा, १७ भेडा, १० वटा गोरु, ९ वटा गाई, ११ वटा भैसी, २ वटा बंगुर ३० वटा कुकुरहरुको स्वास्थ्य जाँच गरिनुका साथै औषधि वितरण गरिएको थियो । कार्यक्रम सञ्चालन समितिका सचिव विरेन्द्र भण्डारीले गरेका थिए ।

तालिमबाटै सिकेका कुरालाई जीवनमा लागू गर्न आग्रह गरिन । टोल सुधार समिति बडा –९ नै का अध्यक्ष उत्तम जोशीले महिलाहरुलाई घरको काममा मात्रै सीमित नगरेर प्रविधिसंग पनि खेल्न सिकाउनुपर्ने बताए । कार्यक्रममा पूर्वाञ्चल सेवा समाजका सल्लाहकार अध्यक्ष गणेश पाखिन, सल्लाहकार इन्द्रमान चौहान, तरना म्यूजिकका संचालक श्रीमान थुलुङ लगायतले बोलेका थिए ।

नेशनल प्यावसनको क्वीज प्रतियोगिता

पोखरा १८ साउन ।(गोल्डेन)

नेशनल प्याक्सन कास्कीको वार्षिक कार्य तालिका अनुसार साउन २३ गते आयोजना गर्न लागिएको अन्तर विद्यालय जिल्लास्तरीय हाजिरी जवाफ प्रतियोगिताको पूर्व सन्ध्यामा क्वीज मास्टरहरुलाई विशेष अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । नेशनल प्याक्सन कास्कीको सभा हलमा सम्पन्न उक्त कार्यक्रम एन प्याक्सन कास्कीका उपाध्यक्ष एवं अतिरिक्त विभागका संयोजक शिवदत्त तिवारीको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो भने कार्यक्रमको सञ्चालन संयोजक सदस्य प्रकाश अधिकारीले गरेका थिए भने सहजकर्ताको रुपमा कार्यक्रमका संयोजक नारायणप्रसाद पाण्डे एवं क्विज विशेषज्ञ तुल्सीप्रसाद खनालले गरेका थिए ।

Work in Germany
- Only for Girls
- Age bar 18-27
- 2 months Language
- SLC pass can go
A1, A2 & B1
Language classes are running
TEA PVT.LTD
Opposite to Reel Hotel, Srijanchowk
CONTACT: 061523357, 9856033215

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६२८३७०७
अफिस: ०६१-४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप एक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

खानेपानी चाहिएमा
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँलीचौक, बार्वा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

निःशुल्क कम्प्यूटर तालिम
यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्टिच्युटमा निःशुल्क कम्प्यूटर शिक्षा संचालन भैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सुजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विल्प्रवासिनी, पोखरा-३
061-527435, 9846566480

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मस्किया लाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालालाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
ब्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
यहाँ नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
पाइल्स कै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८४६१५४१८८, ०६१-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि डा कम्प्लेक्स भन्दा ईई घर तल)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्पर्क पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

फेन्सी पसल बिक्रीमा
पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अति चालु अवस्थामा रहेको फेन्सी पसल विशेष कारणवस बिक्री गर्नुपर्ने भएकोले लिन इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :९८०५८८५८०६

गेष्ट हाउस बिक्रीमा
पोखराको व्यस्त बजार पृथ्वीचोकमा अत्यन्त चालु अवस्थामा रहेको गेष्ट हाउस बिक्रीमा छ । किन्न इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :९८०६५३३६८७
९८४६१३७११२

खुशीको खबर ! खुशीको खबर !!
के तपाई कम्प्यूटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्यूटर मर्मत गर्न ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्यालि, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

पिस सिटी लायन्सका अधिकारी डिष्ट्रिक्टमा उत्कृष्ट सचिव

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

समारोहका प्रमुख अतिथि लायन्स क्लब अन्तर्राष्ट्रियका निर्देशक रत्ना स्वामी मुरुगन, डिष्ट्रिक्ट गभर्नर युक्त प्रसाद श्रेष्ठ लगायत अग्रज लायन्स लिडरहरुले संयुक्त रुपमा सम्मानित गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि अन्तर्राष्ट्रियका निर्देशक रत्ना स्वामी मुरुगनले डिष्ट्रिक्ट गभर्नर युक्त प्रसाद श्रेष्ठले लिएको लक्ष्य अनुरुप कार्य गर्न सफल भएकाले लायन अन्तर्राष्ट्रियमा डिष्ट्रिक्ट ३२५ बी १ नेपाल सर्वोत्कृष्ट डिष्ट्रिक्का रुपमा दर्ज बनाएकोले गभर्नरको कार्यकाल लायन्स इतिहासको स्वर्णिम कार्यकाल भएको बताए ।

लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको वर्ष ०१३/१४ को अवार्ड वितरण समारोह सम्पन्न भएको छ । गत शुक्रबार काठमाण्डौमा सम्पन्न कार्यक्रममा डिष्ट्रिक्टका उत्कृष्ट विभिन्न लायन्स क्लबलाई पुरस्कृत गर्ने क्रममा लायन्स क्लब अफ पोखरा पिस सिटीका वर्ष ०१३/१४ का सचिव टंकराज अधिकारीलाई वर्ष उत्कृष्ट सचिवको अवार्डबाट सम्मानित गरिएको छ । कार्यक्रममा उत्कृष्ट क्लब अध्यक्षमा लायन्स क्लब अफ काठमाडौं गोंगबुका धर्मेन्द्रराज जोशी र उत्कृष्ट क्लब कोषाध्यक्षमा लायन्स क्लब अफ गल्याङ सिटीका लेखनाथ भट्टराई घोषित हुँदै पुरस्कृत गरिएको थियो । डिष्ट्रिक्ट अन्तर्गत रहेका करिब १५० क्लब मध्येमा लायन्स क्लब अफ काठमाडौं गोंगबु पहिलो र लायन्स क्लब अफ पोखरा पिस सिटी दोश्रो क्लब घोषित भएको छ । उनीहरुलाई अवार्ड वितरण डिष्ट्रिक्ट गभर्नर युक्त प्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जीएलटी एरिया लिडर संजय खेतान, आईपिएमसिसि दीपक श्रेष्ठ, पिएमसिसि राजन लम्साल, प्रेम बहादुर श्रेष्ठ, प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर ध्रुव बहादुर थापा, द्वितीय भाईस डिष्ट्रिक गभर्नर बालाकृष्ण बुलाकोटी लगायतले लगायतले आ-आफ्नो भनाई राखेका थिए भने क्याबिनेट ट्रेजरर महेन्द्र पौडेलले धन्यवाद र कार्यक्रम संचालन क्याबिनेट सेक्रेटरी डा. हेमराज सुवेदीले गरेका थिए ।

सोही दिन लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको वर्ष ०१४/१५ डिष्ट्रिक्ट गभर्नर लगायत डिष्ट्रिक्ट पदाधिकारीहरुको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ । प्रमुख अतिथि लायन्स अन्तर्राष्ट्रियका निर्देशक रत्ना स्वामी मुरुगनले उद्घाटन गरेको कार्यक्रममा पदस्थापन अधिकृत मुरुगनले वर्ष ०१४/१५ का डिष्ट्रिक्ट गभर्नर भुगोल शेरचन, प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर ध्रुव बहादुर थापा, द्वितिय भाईस डिष्ट्रिक गभर्नर बालाकृष्ण बुलाकोटीलाई पद तथा गोपनियताको सपथ खुवाई सयुक्त पदस्थापन गरेका थिए । सोही अवसरमा चिफ को-अर्डिनेटर, कोअर्डिनेटर, रिजन चेयरपर्सन, जोन चेयरपर्सन, डिष्ट्रिक्ट चेयरपर्सन लगायतलाई समेत सपथ खुवाएका थिए ।

रगत आवश्यक परे लस्ट सोसाइटीले नि:शुल्क दिने

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

पोखराको लस्ट सोसाइटीले रगतको आवश्यकता परेका विरामीलाई सहयोग गर्ने भएको छ । पोखरामा बेलाबेलामा हुने रगत अभावलाई घटाउन र विरामीलाई सहयोग गर्न सोसाइटीले अभियान थालेको हो ।

सोसाइटीमा लागेका युवाहरुले रगत अभाव भएका विरामीका परिवारले सोसाइटीका कुनैपनि सदस्यलाई फोन तथा सहयोगका लागि आग्रह गरे उनीहरुले विरामीलाई रगत दान गर्ने सोसाइटीका अध्यक्ष अमनविक्रम थापाले बताए । समय मै रगत नपाउँदा विरामीको ज्यानै सम्म जाने भएकाले कुनै पनि समयमा रगतको अभाव भए सम्पर्क गर्न सोसाईटीले आग्रह गरेको छ । अध्यक्ष थापाले भने-'हामीले रगतको अभाव भएका कुनै पनि विरामीलाई नि:शुल्क रगत दिन्छौं । कुनैपनि वेला रगत दिनका लागि तयार छौं ।'

सोसाइटीको आइतवार भएको बैठकले पोखरामा कसैलाई पनि रगत अभाव भए आँफुहरुले सहयोग गर्ने निर्णय गरेको हो । पोखराका अस्पताल तथा रक्तसंचार केन्द्रसंग कुनै पनि रगत समूहको अभाव भएको खण्डमा आँफुहरुले सहयोग गर्ने सोसाइटीका सचिव गणेश पौडेलको भनाई छ । एक वर्ष अघि पोखरामा खुलेको सोसाइटीमा करिब २ हजार युवाहरु आवद्ध छन् । सबै आवद्ध सदस्यहरु रगत दान गर्नको लागि तयार रहेको सोसाइटीले जानकारी दिएको छ ।

रक्तसंचार केन्द्रमा कुनै रक्त समुहको रगत अभाव भए सोसाइटीका कुनै पनि सदस्य तथा अध्यक्ष थापाको मोवाइल नम्बर ९८४६०२८६८६ मा सम्पर्क गर्न उनीहरुले आग्रह गरेका छन् । सोसाइटीले यस अघि पनि रक्तदान, सरसफाई लगायतका विभिन्न सामाजिक काम गर्दै आएको छ ।

साइनिङस्टारमा अन्तरसदनात्मक हाजिरीजवाफ

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

पोखरा ६ लेकसाइडस्थित साइनिङस्टार आमाविमा अन्तरसदनात्मक हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो । जुनियर र सिनियर लेवल गरी दुई तहमा संचालन गरिएको उक्त कार्यक्रममा सिनियरतर्फ प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना क्रमश: फेवा हाउस, बेगनास हाउस, रारा हाउस र तिलिचो हाउस हुन सफल भए भने जुनियर तर्फ रारा हाउस प्रथम, तिलिचो हाउस द्वितिय, बेगनास हाउस तृतीय तथा फेवा हाउस चतुर्थ भए । उक्त अवसरमा विद्यालयका सहायक प्र.अ.अर्जुन प्रसाद पाण्डेले यस्ता किसिमका कार्यक्रमले विद्यार्थीहरुमा कितावी ज्ञानको मात्र नभई बाहिरी ज्ञान समेत हासिल हुने बताए । अतिरिक्त क्रियाकलाप विभागका प्रमुख रोशन गिरीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा स्वागत शिक्षिका जुना खड्का तथा कार्यक्रमको संचालन शिक्षक तिलक काफ्ले गरेका थिए ।

संगम सहकारीको रक्तदानमा छत्तिस युनिट रगत संकलन

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

संगम बचत तथा ऋण सहकारी संस्था लि.रामबजार पोखरा १५ ले राम मन्दिर प्राङ्गणमा खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको छ । नेपाल रेडक्रस सोसाइटी कास्की क्षेत्रीय रक्तसंचार सेवा पोखराको प्राविधिक सहयोगमा भएको उक्त कार्यक्रमको शुभारम्भ फेवासिटी अस्पतालका अध्यक्ष चेतबहादुर गुरुङले पहलो रक्तदाता संगम सहकारीका संचालक सदस्य अधिवक्ता दयाराम गौतमलाई ब्लड ब्याग हस्तान्तरण गरी गरेका थिए । सो अवसरमा रक्तदानको महत्वमाथि प्रकाश पार्दै प्रमुख अतिथि गुरुङले एकजना स्वस्थ मानिसको रगतले अर्को एकजना विरामी मानिसले पुन:जीवन प्राप्त गर्ने बताए । यसैगरी कार्यक्रम संयोजक तिलक थापाले स्वागत मन्तव्य राख्दै वित्तीय कारोवार गरी सदस्यहरुको आर्थिक स्तर वृद्धि गर्दैदै जाँदा समुदायप्रति चासो राख्दै सामाजिक कार्यहरु पनि गरिनु आवश्यक भएकोले मानिसको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने रक्तदान जस्तो महत्वपूर्ण कार्यक्रम आयोजना गरिएको बताए ।

महिला ७ र पुरुष २९ गरी कुल ३६ जनाले रक्तदान गरेको उक्त कार्यक्रममा पहिलो पटक रक्तदान गर्नेदेखि लिएर ३५ पटकसम्म रक्तदान दिने रक्तदाता पोखरा ४ निवासी पुष्पराज कोइरालासम्मको सहभागिता रहेको थियो । वडा प्रहरी कार्यालय रामबजारका प्रमुखमा केहीदिन अघि मात्र सरुवा भई आएका पहरी निरीक्षक केशवबहादुर वस्नेतलाई आयोजक संस्था र सम्पूर्ण रामबजारवासीको तर्फबाट कार्यकालको पूर्ण सफलताको कामना गर्दै सहकारीका अध्यक्ष निरज थापाले विशेष स्वागत तथा सम्मान गरेका थिए । जायश्वर पुरीले संचालन, संगीता के.सी.ले सहकारीका सात सिद्धान्त बाचन गर्रेको उक्त कार्यक्रम निरज थापाको अध्यक्षतामा भएको थियो । सहकारीले विगतका दिनहरुमा टोल सरसफाई, जनचेतनामूलक तालिम, बुद्धाश्रमलाई सहयोग लगायत नेपालकै सहकारीको इतिहासमा पहिलो पटक आँखादान कार्यक्रम समेत सम्पन्न गरिसकेको छ ।

विद्यालयमा परामर्श आवश्यकता र महत्व बारे कार्यशाला

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

कुमुदिनी होम्स उच्च माविले वर्तमान शैक्षिक परिपेक्षमा विद्यालयहरुमा मनोवैज्ञानिक परामर्शको आवश्यकता अनिवार्य भइसकेको महसुस गर्दै 'विद्यालयमा परामर्श आवश्यकता र महत्व' भन्ने विषयमा दुई दिने कार्यशालाको आयोजना गरेको छ । आफना शिक्षक-शिक्षिकाहरुलाई विरन्तर रुपमा समयानुकुल विभिनन तालिमको व्यवस्था गर्दै आएको कुमुदिनीले 'विकल्प ज्ञान तथा विकास केन्द्र' काठमाडौंसंगको संयुक्त आयोजनामा उक्त दुई दिने कार्यशाला आयोजना गरेको हो । जर्मनीबाट आमन्त्रित डा. रुट मिस्चियानिक प्रमुख प्रशिक्षक रहेको उक्त कार्यशालामा कुमुदिनीसहित पोखराका गोल्डेन फ्युचर उच्च मावि, सरस्वती आदर्श माध्यमिक विद्यालय, प्रगति बोर्डिङ स्कूल, तारापुञ्ज सामुदायिक विद्यालय, फिस्टेल एकेडेमी उच्च मावि, सगरमाथा निकेतन विद्यालय तथा ग्लोबल कलेजियत उच्च मावि गरी आठ विद्यालयका २३ जना शिक्षक-शिक्षिकाहरु सहभागी रहेका छन् ।

विद्यालयहरुमा विशेषगरी विभिन्न प्रशासकीय विभागमा कार्यरत शिक्षक-शिक्षिकाहरु सहभागी उक्त कार्यशालाको शुभारम्भमा आइतबार कुमुदिनी होम्स उच्च माविका व्यवस्थापन समितिका अध्यक्ष अशोक पालिखेले स्रोत व्यक्ति डा. रुट र विकल्प ज्ञान विकास केन्द्रका संस्थापक निर्देशक स्टेला तामाङलाई फुलको गुच्छा र खादाले स्वागत गर्दै यस प्रकारका तालिमले विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्नु र विद्यार्थीका समस्याहरु बुझ्न ठूलो सघाउ पुग्ने धारणा व्यक्त गर्दै विकल्प ज्ञान तथा विकास केन्द्रले यस्तो स्रोत व्यक्ति उपलब्ध गराई सहयोग गरेकोमा हार्दिक आभार व्यक्त गरेका थिए । कार्यशालाको शुभारम्भमा बोर्दै स्टेला तामाङले अहिलेको अवस्थामा विद्यालयमा परामर्शदाता आवश्यक भइसकेको र काठमाडौं केन्द्रित यस प्रकारका कार्यक्रम पोखरामा सञ्चालन गर्न भएकामा खुशि व्यक्त गरेकी थिइन् ।

हार्दिक सम्वेदना

जन्म:
१९६१/०२/२१

स्व. केशव बराल

स्वर्गारोहण:
२०७१/०८/०७

नेपाली कांग्रेस पोखरा उपमहानगरपालिका वडा नं. ७ इकाइका पूर्व उपसभापति एवं वरिष्ठ सदस्य केशव बरालको ७९ वर्षको उमेरमा भएको निधनले हामी अत्यन्तै स्तब्ध र मर्माहत बनेका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारहरुमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सरोज नारायण बराल (सभापति) एवं
नेपाली कांग्रेस वडा इकाई समिति
पोखरा उपमहानगरपालिका वडा नं. ७ परिवार

किचन चिम्नी होलसेल मूल्यमा

Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।

Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरु अत्यन्त सुपथ मूल्यमा खरिद तथा मर्मत गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

पोखराका लागि आधिकारिक विक्रेता

न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५१८, मो. : ९८५६०२५३७०

खुशीको खबर ! खुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।

सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिपलेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, आँमलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनावारी गडबढी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाढ कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धसा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो छायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मस्यिा, कोठी, छाउरपित हटाई पुरै शरिर गोरो बनाउने ।

मुख्यो पातली शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, ज्वाडिस, पिलास, पाइल्स, दम साथै बाथ, दाढ कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६१३७४१८

विदेश जानेहरुका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि:शुल्क संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :-
- शतप्रतिशत उत्तीर्ण गराउने सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता नेपरहेको छ ।

सम्पर्क | **फेवा सेक्युरिटी एण्ड टर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०, फोन:- ०६१-५४०२२, मो. ९८४८०-४१९२

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्,
नयाँ जस्तै बनाएर लैजानुहोस् ।

त्यो पनि सस्तोमा



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ्ग
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स
... the printer house

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईसंग पुराना कम्प्युटरहरु छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरु किनबेच गरिन्छ ।

नोट : पोखरा भाली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute
न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

- यौन पुरुष : लिङ्को साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, फुल सुताम रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
- महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
- गुप्ताइ- Teenager जस्तो कसिलो बनाउन
- चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
- केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
- मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
- उचाइ बढाउन Step up (नबट पैसा फिर्ता)
- तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
- थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
- तौल घटाउने जापनिज deit मात्र २५००।-
- दाढ तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिव

✱ तौल घटाउन Slim 24 pro

पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

निःसन्तान दम्पत्तिका लागि अन्तराष्ट्रिय स्तरको स्वास्थ्य सेवा

यस साहारा हस्पिटलमा निम्न मिति, समय र स्थानमा सन्तानका रहर गरेका तर इच्छा पुरा हुन नसकेका नि:सन्तान दम्पत्तिका लागि स्वास्थ्य परीक्षण, टेष्टट्यूब वेवी विशेषज्ञ मित्रराष्ट्र भारतको नयाँ दिल्लीस्थित International Fertility Centre (IFC) **का प्रमुख विशेषज्ञ डा.रीता वक्सीद्वारा स्वास्थ्य परीक्षण तथा अत्याधुनिक प्रविधिबाट उपचार गरिने भएकाले नि:सन्तान दम्पत्तिले सम्पर्क राखि मौकाको फाइदा लिनुहुन जानकारी गराउँदछौं ।**

मिति : २०७१/०८/२१ गते बुधबार, समय : बिहान १० बजेदेखि साँझ ५ बजेसम्म

सम्पर्क स्थान :

साहारा हस्पिटल प्रा.लि.
बाग्लुङ बसपार्क, पोखरा-२, फोन : ०६१५३४८५८, ५३४८७८

नोट : फोनबाट समेत नाम टिपाउन सकिनेछ ।

आकर्षक घडेरीहरु बिक्रीमा

सम्पर्क : ९८५६०३८२७२, ९८०६५८१२७२

जनप्रिय क्याम्पस प्राध्यापक संघमा पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

"पब्लिक क्याम्पस प्राध्यापक संघ नेपाल अन्तर्गत जनप्रिय बहुमुखि क्याम्पस पोखरा-८ सिमलचौरको एकाइ समितिको अधिवेशन सम्पन्न भएको छ । पब्लिक क्याम्पस प्राध्यापक संघ नेपाल जनप्रिय बहुमुखि क्याम्पस एकाइ समितिको सभापतिमा नारायण प्रसाद पौडेल, उपसभापतिमा सन्तोष अधिकारी, सचिवमा लोकराज भण्डारी, सहसचिवमा विकास थापा मगर कोषाध्यक्षमा शिलु चालिसे र सदस्यहरुमा बेदहरि तिमिल्सिना, बलराम भट्टराई, नेत्रप्रसाद सुवेदी, चेत बहादुर पोखेल, ऋषिराम ढकाल र भूमिराज शर्मा चयन भएका छन् । निर्वाचित पदाधिकारी तथा सदस्यहरुको घोषणा सभाको अध्यक्षता निर्वाचन सञ्चालन समितिका संयोजक डा.लक्ष्मीशरण अधिकारीले गर्दै नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सपथ दिलाए ।

उक्त निर्वाचन समितिमा हरि बहादुर भण्डारी र श्रीकान्त शर्मा खतिवडाले सदस्यहरुको भूमिका निभाउनु भएको थियो । निर्वाचन पूर्व भएको उक्त दोस्रो अधिवेशनको प्रमुख अतिथि क्याम्पस प्रमुख विरञ्जी गौतम र विशिष्ट अतिथि सहायक क्याम्पस प्रमुख राजेन्द्र पौडेल थिए । उक्त एकाइ समितिका निर्वतमान अध्यक्ष कृष्णप्रसाद गुरुङको सभापतित्वमा भएको दोस्रो अधिवेशनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिका रुपमा केन्द्रीय समितिका सचिव बेदहरि तिमिल्सिना, केन्द्रिय सदस्य दामोदर बसौला, पूर्वका त्रि.वि.वि. प्राध्यापक संघ जनप्रिय एकाइ समितिका सस्थापक अध्यक्ष वीर बहादुर कार्की, पूर्व अध्यक्षहरु भानु कँडेल र भरतराज गौतम, प्रजातन्त्रवादी प्राध्यापक समूह जनप्रिय एकाइ समितिका अध्यक्ष पितुराज बास्तोला प्रगतिशिल प्राध्यापक संगठन जनप्रिय एकाइ समितिका अध्यक्ष नारायणप्रसाद अधिकारी, नेपाल राष्ट्रिय प्राध्यापक संगठन जनप्रिय एकाइ समितिका अध्यक्ष लोकराज भण्डारी र पब्लिक क्याम्पस कर्मचारी संघ जनप्रिय एकाइ समितिका अध्यक्ष देवराज गिरीले दोस्रो अधिवेशनको पूर्ण सफलताको कामना गर्दै आ-आफ्ना पदीय एवं, संगठनात्मक धारणा र शुभकामना मन्तव्य राख्का थिए । सो कार्यक्रम निर्वतमान सचिव भेषराज बरालले सञ्चालन गरेका थिए ।

पौडेललाई मातृशोक

पोखरा १८ साउन ।(गोल्डेन)

महेन्द्र मार्ग लामाचौर धार्मिका प्रधानाध्यापक वासुदेव पौडेललाई मातृशोक परेको छ । पौडेलकी आमा छत्रकुमारी पौडेलको गत बिहिवार आफनै निवास चितवनको पटयानीमा निधन भएको हो । ७९ वर्षिय पौडेलका श्रीमान, ३ छोरा र २ छोरी छन् । पौडेलले महेन्द्र मार्विमा छत्रविन्द् अक्षय कोष स्थापना समेत गरेका छन् । विभिन्न धार्मिक संघ संस्थामा आवद्ध पौडेल विसं १९९१ साल असार १७ गते कास्कीको तप्राङमा जन्मिएका थिए ।यसैबिच पौडेलको निधन प्रति महेन्द्र मार्विले दुःख व्यक्त गरेको छ । विद्यालयमा आयोजित शोक सभामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावक तथा विद्यार्थीहरुले पौडेलको निधनबाट शैक्षिक तथा धार्मिक क्षेत्रमा अपूरणीय क्षति पुगेको बताएको शिक्षक नन्दराज दाहालले जानकारी दिए ।

तपाईले पढ्ने पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्ने पर्ने एफ.एम.
102.2 sunaulo fm

'आमाको सम्झना' तीजगीत भिसिडी लोकार्पण

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ साउन ।

लोककवि अली मियाँको आठौं स्मृति दिवस तथा प्रतिष्ठानको १३ औं वार्षिक साधारणसभा आइतवार पोखरामा सम्पन्न भएको छ । सो अवसरमा गितकार तथा गायिका अम्बिका भण्डारीको तीज गिति भिसिडी 'आमाको सम्झना' लोकार्पण भएको छ । भिसिडीको लोकार्पण वरिष्ठ साहित्यकार सरुभक्तले गरेका थिए । सो अवसरमा बोल्दै उनले लोकलयमा आधारित तीजे गीतको कमि भएको अवस्थामा आएको आमाको सम्झनाका गीतहरु मौलिक भएको बताए । सरुभक्तले तीजे गीतको नाममा भित्रिएको विकृतियुक्त गीतहरुलाई स्थान दिन नहुनेमा जोड दिए । उनले लोककवि अली मियाँको पनि सम्झना गरे । कार्यक्रममा शिक्षासेवी गणेशबहादुर गुरुङ, स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बास्तोला, सञ्चारकर्मी दीपेन्द्र श्रेष्ठले तीजे गीत तथा अली मियाँबारेमा बोलेका थिए । उनीहरुले अली मियाँले गीति क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा चर्चा गरेका थिए । अम्बिका भण्डारीले बजारमा ल्याएको तीजे गीत भिसिडी आमाको सम्झनामा दुई गित समावेश छन् । लय तथा स्वरमा वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाको पनि साथ दिएकी छिन् । अलीमियाँ लोकवाद्यमय प्रतिष्ठानको साधारण सभाले ले आगामिम कार्यक्रम तर्जुमा गरेको छ । प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष हरिदेवी कोइरालाले र सञ्चालन सचिव पदमराज ढकालले गरेका थिए ।

माओवादीमा लागेका केही शिक्षक एमालेमै फर्किए

पोखरा १८ साउन ।(गोल्डेन)

नेपाल राष्ट्रिय शिक्षक संगठनबाट बाहिरिएर अखिल नेपाल क्रान्तिकारी शिक्षक संगठनमा लागेका केही शिक्षकहरु पुनः सोही संगठनमा प्रवेश गरेका छन् । नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला कार्यालयमा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा माओवादी निकट जिल्ला कार्यसमितिका पदाधिकारी सहित आधा दर्जन शिक्षक प्रवेश गरेको कुराको जानकारी दिइयो । यसरी पुनः आफ्नो मातृ संगठनमा फिर्ने हरुमा तालबाराही उच्च मा.वि.मा अध्यापनरत नेपाली शिक्षक तारा पोखेल, अम्बिका मा.वि., सुईखेत, हेम्जामा माध्यमिक तहमा अंग्रेजी तथा पृथ्वीनारायण क्याम्पसमा अर्थशास्त्र पढाउने मित्रलाल पौडेल, नवीन उच्च माध्यमिक विद्यालयमा अंग्रेजी पढाउने प्रेम अधिकारी, अमरसिंह नमुना उच्च मा.वि. पोखरामा अंग्रेजी तथा सामाजिक अध्ययन पढाउने केशवकुमार आचार्य, विश्वशान्ति उच्च मा.वि. देउरालीमा अध्यापनरत सर्वहरी पौडेल र अम्बिका मा.वि. सुईखेतमा निम्न माध्यमिक प्रथम श्रेणीमा रही गणित विषय अध्यापन गर्ने रवीरमण भट्टराई रहेका नेपाल राष्ट्रिय शिक्षक संगठन, कास्कीका अध्यक्ष रामप्रसाद पोखरेलले बताए । यसरी ने.रा.शि.सं, कास्कीमा प्रवेश गर्ने शिक्षकहरुलाई सो संगठनका केन्द्रीय उपाध्यक्ष एवं नेपाल शिक्षक युनियनका केन्द्रीय उपाध्यक्ष दीपक पौडेलले अबीर र संगठनका जिल्ला अध्यक्ष राम पोखेलले खादा लगाएर स्वागत गरिएको थियो ।

भारतीय...

भएको बताए । धेरै वर्ष अगाडि आफू एक तीर्थयात्रीका रुपमा नेपाल आएको बताउँदै प्रधानमन्त्री मोदीले आज फेरि प्रधानमन्त्रीको रुपमा नेपाल आउन पाउँदा भाग्यशाली सम्झेको बताए । संसदमा ४६ मिनेट लामो सम्बोधनका क्रममा सुरुमा साढे तीन मिनेट नेपाली भाषामै सम्बोधन गरेका प्रधामन्त्री मोदीले नेपालसँगको सम्बन्ध भारतका लागि उच्चतम प्राथमिकताको विषय भएको बताए । प्रधानमन्त्री मोदीले भने,-"संविधान सभा व्यवस्थापिका-संसदलाई सम्बोधन गर्न नेपालले प्रदान गरेको अवसरबाट आफू मात्र नभई एक अर्ब २५ करोड भारतीय जनता सम्मानित भएका छन् ।"

हिन्दू धर्मप्रति अगाध आस्था प्रकट गर्दै उनले काशी विश्वनाथ देखि पशुपतिनाथको छत्रछायामा आफू आइपुगेको उल्लेख गर्दै शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध र राजर्षि जनकको स्मरण पटक पटक गरे । नेपाललाई विश्वले नजिकबाट हेरिरहेको पटक-पटक दोहोऱ्याउँदै उनले यहाँ जारी संविधान लेखनको कामलाई समयमै पूर्णता दिन राजनीतिक दललाई आग्रह गरे । उनले भने-"विश्वका विभिन्न कुनामा शस्त्रास्त्रको होडबाजीमा लागेकाहरुले समेत नेपालबाट शान्ति र सदाचारको पाठ सिक्न सकून्, यसतर्फ यहाँको नेतृत्व सफल होओस् ।" "नेपाल सार्वभौम मुलुक हो, आफ्नो निर्णय गर्न स्वतन्त्र छ तर पनि यहाँ लेखिने लोकतान्त्रिक संविधानले सारा विश्वको ध्यान तानिरहेका सन्दर्भमा बढी मर्यादित बनाउनु जरुरी छ ।"- उनले भने । उनले बुद्ध जन्मेको पावन मुलुक नेपाल संस्कृति र सम्पदाको विरासत हो भन्दै सांस्कृतिक, धार्मिक एवम् परम्परागत रुपमा विद्यमान भारत नेपाल सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन आफू प्रतिबद्ध रहेको स्पष्ट गरे । प्रधानमन्त्री मोदीले बिजुली बजार मूल्यमा खरिद गर्न भारत आतुर रहेको बताउँदै विद्युत् उत्पादनमा भारतले नेपाललाई सधैं साथ दिने वचनबद्धता प्रकट गरे । उनले भने-"नेपालीसँग काँधमा काँध मिलाएर विकास निर्माणका काममा सहकार्य गर्न भारत सदा तत्पर छ ।" उनले २२ वर्षदेखि चर्चामा रहेको पञ्चेश्वर बहुउद्देश्यीय परियोजना लाई अगाडि बढाउन आगामी एक वर्षभित्रै प्रक्रिया सुरु गर्ने र त्यसबाट उत्पादन हुने पाँच हजार ६०० मेगावाट विद्युत्ले नेपालको विकासले नयाँ उचाइ लिने बताए । सूचना पविधिको विकासबाट रोजगारी प्राप्तिको सहज माध्यम बन्न सक्ने भएकाले त्यस दिशामा पनि नेपालसंग मिलेर काम गर्ने आफ्नो मुलुकको चाहना रहेको उनले बताए । दुई देशबीच जनस्तरमा सुदृढ बन्दै गएको घनिष्ठ सम्बन्धलाई अझ व्यापक बनाउन भारत र नेपालबीच दूरसञ्चार सेवालाई सहज एवम् सर्वसाधारणको पहुँचभित्र पुऱ्याउन आफ्नो देशका सम्बन्धित निकायलाई तत्काल निर्देशन दिने उद्घोष गर्दै नेपाल सरकारलाई पनि त्यसनिम्ति आवश्यक निर्णय गर्न आग्रह गरे ।

नेपालको समृद्धिका लागि पर्यटन, जडिबुटी, जलस्रोत, युवा शक्ति र वैज्ञानिक कृषि प्रणाली नै महत्वपूर्ण रहने भन्दै भारतीय प्रधानमन्त्री मोदीले त्यसका लागि सहयोग गर्न आफू र आफ्नो सरकार प्रतिबद्ध रहेको बताए । वीर नेपालीको साहसको मुक्त कण्ठले प्रशंसा गर्दै उनले गोरखा सैनिकले भारतको सुरक्षा व्यवस्थामा गरिरहेको योगदानप्रति आभार प्रकट गरे । सत्र वर्षमा आफू नेपाल भ्रमणमा आएको स्मरण गर्दै उनले आगामी दिनमा त्यस्तो नहुने र सार्क सम्मेलनमा आउँदा राजर्षि जनकको भूमि जनकपुर र गौतम बुद्धको जन्मस्थलको भ्रमण गर्ने प्रतिबद्धता जनाए । नेपाल र भारतबीच मैत्रीपूर्ण सम्बन्ध रहेको बताउँदै उनले सम्बोधनको सुरुमा नेपाली भाषामा नै गरेका थिए ।

यसैगरी भारतीय प्रम मोदीको सम्मानमा उनका समकक्षी नेपालका प्रधानमन्त्री सुशिल कोइरालाले आयोजना गरेको रात्रिभोजमा समेत सहभागी भएका । काठमाडौंस्थित होटल सोल्टीमा आयोजित रात्रिभोजमा नेपाल भ्रमणमा रहेका सम्पूर्ण भारतीय प्रतिनिधि सहभागी छन् । सोमबार स्वदेश फर्कने मोदीले सोमबार नेपालका राष्ट्रपति रामबरण यादव, एमाले अध्यक्ष केपी ओली, एमाओवादी अध्यक्ष प्रचण्ड र मधेशी दलका केही नेतासंग भेटघाट गर्ने कार्यक्रम रहेको बताइएछ ।

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरु ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : छास्त्रद्वारा पायल्स, फिस्तुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९४४, ९८४६०४९९३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

कर्मचारी आवश्यकता

सुनौलो पब्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्यूज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवारले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

१. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (योग्यताको विभिन्न क्षेत्रको जानकारी भएको)
२. पद : मार्केटिङ्ग इन्चार्ज (एफ.एम.का लागि)
संख्या : १ जना
३. पद : बजार प्रतिनिधि (पत्रिका/एफएममा काम गर्न सक्ने)
संख्या : केही

सम्पर्कका लागि
गोल्डेन न्यूज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-४३५४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगरिदिनुहोला ।)

काठमाडौंका टाउको, नशा, मानसिक रोग विशेषज्ञ पोखरामा

डा. प्रविन भट्टराई (नशा तथा मनोरोग विशेषज्ञ (Neuro-Psychiatry)

TU Teaching Hospital मा विशेष अनुभव प्राप्त तथा मानसिक अस्पताल लगनखेलमा कार्यरत डाक्टर पोखरामा आउनुहुने भएकाले तल उल्लेखित समस्या भएका बिरामीहरुले पोखरामा नै बसी काठमाडौंको सेवा लिने मौका बढुटाउनुहोला ।

प्रत्येक महिनाको चौथो शनिबार

जाँच गरिने प्रमुख समस्याहरू

- लामोसमयदेखि टाउको दुखेमा
- मुटुको धड्कन बढ्ने, डर लाग्ने, मनमा कुरा खेल्ने, चिन्ता लिने, छटपटी हुने
- बेहोस हुने, छोप्ने वा छारे रोग
- निन्द्रा नलाग्ने
- यौन इच्छा वा शक्तिमा कमि हुने
- मन दिक्क हुने, जाँगर नलाग्ने, शरीरमा तमत नभएको जस्तो हुने, खाना रुचि नहुने, आलस्य हुने
- हातखुट्टा तथा शरीर पोल्ने, झमझमाउने तथा लाटो हुने
- जाँड रक्सी तथा अन्य लागू पदार्थको समस्या
- बच्चाहरुमा राति ओछ्यानमा पिसाब फेर्ने समस्या
- अचानक व्यवहारमा परिवर्तन
- उदासपन, जीवनदेखि निराश लाग्ने, आत्मबल कम हुने
- हातखुट्टाको नशा गल्ने, काप्ने, कमजोर वार काम नगर्ने समस्या भएमा तथा अन्य नशा एवं मनोरोग सम्बन्धी समस्याका लागि ।

मिति : २०७१ साउन २४ गते शनिबार | समय : बिहान ८ बजेबाट

सम्पर्क स्थान : **पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.**,
पोखरा-१०, इन्द्रचोक, (रंगशाला २ नं. गेट अगाडि)
फोन : ०६१-५२१४२४, ५२८२४३
फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।

काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ डा.सुलिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक भदौं ७ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरु : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको एक वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

हार्दिक आभार

सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.

Sayapatri Saving & Credit Cooperative Society Ltd.

पोखरा-११, रानीपौवा

यस सयपत्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-११, रानीपौवा आज मिति २०७१/४/१५ गतेबाट आफ्नो स्थापनाको सफलतापुर्वक चौथो वर्ष पुरा गरी पाँचौ वर्षमा प्रवेश गरेको सहर्ष जानकारी गराउँदछौं । हामीलाई यो अवस्थासम्म ल्याउन महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने विभिन्न नियमनकारी निकायहरु, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, केन्द्रीय बचत तथा ऋण सहकारी संघ, जिल्ला सहकारी संघ, बचत तथा ऋण सहकारी संघ कास्की, सहकारी बैङ्क, कार्यसमितिका सम्पूर्ण पदाधिकारीज्यूहरु, समिति, उप-समितिका पदाधिकारीज्यूहरु, सल्लाहकारज्यूहरु, सम्पूर्ण शेयर सदस्यज्यूहरु, कर्मचारीहरु, सम्पूर्ण सेवाग्राहीहरु तथा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने शुभचिन्तक महानुभावप्रति हार्दिक आभार प्रकट गर्दै आगमी दिनमा पनि यस किसिमको सहयोगको अपेक्षा गर्दछौं ।

धर्मप्रसाद बाँस्तोला
प्रवन्ध संचालक

विजयनाथ बाँस्तोला
अध्यक्ष

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा